**कन्सोर्टियम-नेपाल**
**Consortium Nepal**

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह**

# मासिक कार्यसम्पादन पत्र

**मार्च २०२४**

**वर्ष : ३, अंक : ३**

## मार्च २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १ -राजनैतिक पार्टीका प्रतिनिधिहरुसंगको परामर्श कार्यक्रम सम्पन्न



७ मार्च २०२४, कन्सोर्टियम नेपालको आयोजना र गुड शेफर्ड इन्टरनेशनल फाउन्डेसन/ शुभ अवसर ग्राम नेपालको सहयोगमा राजनैतिक पार्टीका प्रतिनिधिहरूसँग परामर्श सम्पन्न भएको छ । परामर्शको मुख्य उद्देश्य बालिकाहरूको शिक्षा, सशक्तिकरण र सहभागिता सम्बन्धी राजनैतिक नेतृत्वको दृष्टिकोण र प्राथमिकताहरूमा अन्तरदृष्टि प्राप्त गर्न राजनैतिक नेतृत्वहरूसँग सहकार्य गर्नु रहेको थियो । परामर्श छलफलबाट आएको विषयहरुलाई समेटेर नीतिको निर्माण गर्नु रहेको थियो । त्यसैगरी, बालिकाहरूको शिक्षा, सशक्तिकरण र संलग्नताका प्रमुख क्षेत्रहरू पहिचान गर्नका लागि तत्काल ध्यान दिई नीतिगत रुपमा कसरी अगाडी बढ्न सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो । यस राजनैतिक नेतृत्वहरूसँगको परामर्शले बालिकाहरूको शिक्षा, सशक्तिकरण, र संलग्नता सम्बन्धी राजनैतिक नेतृत्वहरूको दृष्टिकोण र प्राथमिकताहरूमा अन्तरदृष्टि प्राप्त गर्न मद्दत गर्दछ । यसले बालिकाहरूको शिक्षा, सशक्तिकरण, र संलग्नताका परिणामहरूमा सुधार गर्न विभिन्न नीति विकल्पहरू र रणनीतिहरूको बारेमा छलफल र अन्वेषण गर्दछ । यसबाहेक, परामर्शले बालिकाहरूको शिक्षा, सशक्तिकरण र संलग्नता बढाउने नीतिहरूलाई प्राथमिकता र समर्थन गर्ने राजनैतिक नेतृत्वहरूको प्रतिबद्धता प्राप्त गर्न मद्दत गरेको थियो ।



छलफलमा उपस्थित राजनैतिक नेतृत्वहरूले बालिकाहरुको शिक्षाको वर्तमान अवस्था, सशक्तिकरण र सहभागिताका बारेमा आफ्नो धारणा राखेका थिए । छलफलका क्रममा बालिकाहरुको शिक्षा, सशक्तिकरण र सहभागितामा रहेका खाडलहरु(कहाँ र के?),समस्या वा चुनौतीहरूबारे चर्चा गरिएको थियो । त्यसैगरी, सहभागीहरुले बालिका शिक्षा, सशक्तिकरण र उनीहरुको सहभागितामा भएका प्रयास, अवसर र सम्भावनाका बारेमा छलफल गरेका थिए । त्यसैगरी बालिकाहरूको शिक्षा, सशक्तीकरण र उनीहरूको सहभागिताको लागि को जिम्मेवार छ भन्ने बारेमा छलफल भएको थियो। साथसाथै कसले कस्तो भूमिका खेल्न सक्छ? थप के संरचना वा सुविधा आवश्यक छ र यो कसरी गर्नुपर्छ? भन्ने विषयलाई उठान गरिएको थियो। छलफलका क्रममा सहभागीहरूले सबै बालिकाहरूको लागि समावेशी, गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र जीवनपर्यन्त सिकाइको प्रवर्दन, बालिकाहरूको समग्र सशक्तीकरण, समावेशी र अर्थपूर्ण

सहभागिताको सुनिश्चितताका लागि प्रमुख सुझावहरू प्रस्तुत गरिएको थियो । परामर्श कार्यक्रम  बालअधिकार विज्ञ विष्णुबहादुर खत्रीले सहजिकरण गर्नु भएको थियो  ।


## २ - संघीय तथा प्रदेश संसदहरु संगको परामर्श कार्यक्रम सम्पन्न



२२ मार्च २०२४, कन्सोर्टियम नेपालको आयोजना र गुड शेफर्ड इन्टर नेशनल फाउन्डेसन/ शुभ अवसर ग्राम नेपालको सहयोगमा  संघीय तथा प्रदेश संसदहरूसँग परामर्श सम्पन्न भएको छ । परामर्श छलफलका क्रममा संघीय तथा प्रदेश सभाका माननीय संसदहरुसंग बालिका शिक्षा, बालिका सशक्तिकरण तथा बालिका संलग्नता/ सहभागिता सम्बन्धि चर्चा गरिएको थियो । बालिका शिक्षा अन्तर्गत बालिका शिक्षा ,सशक्तिकरण र संलग्नतामा रहेको  विधमान अवस्था, नीतिगत व्यवस्था र यसमा रहेका समस्या वा चुनौतिहरुको बारेमा चर्चा गरिएको थियो। यस्तै छलफलका क्रममा बालिका शिक्षा, सशक्तिकरण र संलग्नताको विषयमा के कस्तो र कस्तो भूमिका र जिम्वेवारी रहन्छ भन्ने विषय छलफल गरिएको थियो । छलफललाई निरन्तरता दिंदै बालिकाका लागि समवाशी, गुणस्तरीय शिक्षाको सुनिश्चितता र आजीवन सिकाई प्रवर्धन, बालिकाहरुको समग्र पक्षको सशक्तिकरण र समावेशी र अर्थपूर्ण संलग्नता/ सहभागितामा मुख्य सुझाव तथा सिफारिसहरूको वारेमा छलफल गरिएको थियो ।




## ३ - फ्लायर  निर्माण सम्बन्धि  कार्यशाला



२२ मार्च २०२४, राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्यका साथ  फ्लायर निर्माण सम्बन्धि कार्यशाला सम्पन्न भएको छ । राष्ट्रिय बाल पैरवी  परिषद्का सदस्यहरूले आफ्नो मोबाइल फोनबाट फ्लायरहरू निर्माण गर्ने र सामाजिक सञ्जालको प्रयोगबाट बालबालिकाका मुद्दाहरु कसरी उठान गर्ने भन्ने छलफल गरिएको थियो ।  उक्त कार्यशालामा सम्पूर्ण बालबालिकाहरुको सक्रिय सहभागिता रहेको थियो ।

उक्त कार्यशाला पश्चात परिषद्का सदस्यहरूले बनाएका केहि फ्लायर :



## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १ - पालिका स्तरिय छलफल तथा अभिमुखिकरण कार्यक्रमसम्पन्न



सन्दकपुर गाउँपालिकामा, बालमैत्री स्थानिय शासन कार्यक्रम कार्यान्वयनको लागि मावअधिकार मञ्च नेपालसंगको सहकार्यमा सञ्चालित बालमैत्री स्थानिय शासन कार्यक्रम कार्यान्वयको लागि पालिका स्तरिय छलफल तथा अभिमुखिकरण कार्यक्रम सन्दकपुर गाउँपालिकाको सभाहलमा गाउँपीलिकाको आयोजना र मानव अधिकार मञ्च नेपालको सहजिकरणमा सम्पन्न भएको छ । छलफलबाट आगामि बर्ष २०८१ असार मसान्तभित्र ३ नं. वडालाई बालमैत्री पालिकाको रुपमा सुरुवात गरि सन्दकपुर गाउँपालिकालाइ २०८३ साल भित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने प्रतिबद्धता समेत जाहेर भएको छ । कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष तुलाराम गुरुङ , गाउँपालिका उपाध्यक्ष हरिबहादुर लुङगेलि मगर, लगायत कार्यपालिका सदस्यहरु, सरोकारवाला निकायहरुको सहभागिता रहेको थियो । स्वागत मन्तव्य प्रमुख प्रशासकिय अधिकृत यादव राउतले गर्नुभएको थियो । कार्यक्रमलाई कन्सोर्टियम नेपालका सचिवालय सदस्य स्वस्तिका शर्मा र केन्द्रिय सदस्य रुद्र थेवेले सहजिकरण गर्नुभएको थियो ।

### २ - बालबालिकाहरुलाई लिंग भेदमा आधारित हिंसा र बाल बिबाह न्यूनिकरण सम्बन्धी तालिम संचालन

सामाजिक सचेतन सरोकार मञ्च (स्याक बाके) द्वारा रोटरी क्लव अफ काठमाण्डौसंगको साझेदारीमा बाके जिल्लाको कोहलपुर नगरपालिकामा रहेका ५ वटा सामुदायिक बिद्यालयहरुमा अध्ययनरत बालक्लवका पदाधिकारीहरु तथा अन्य बालबालिकाहरुलाई समेटी प्रत्येबक बिद्यालयमा ४०/४० जना गरी जम्मा २०० जना बाल बालिकाहरुलाई लिंगभेदमा आधारित हिंसा र बालबिबाह न्यूनिकरण सम्बन्धी तालिम संचालन गरिएको छ । तालिम संचालन गरिएका बिद्यालयहरुमा श्री बाल शिक्षा मा.बि. भरैया ,श्री ज्ञान ज्येती मा.बि.चपरगौडी, श्री सिद्धार्थ मा.बि. रझेना , श्री जनता मा.बि.मैटहवा र श्री ने.रा.मा.बि. खड्गवार रहेका थिए । संस्थाले बाके जिल्लाको कोहलपुर न.पा. का ९ बिद्यालय र बर्दिया जिल्लाको राजापुर न.पा.मा ९ वटा गरी जम्मा १८ वटा मा.बि.हरुलाई समेटी यो तालिम कार्यक्रम संचालन गर्दै छ । उक्त तालिमहरु संचालन पूर्व प्रत्येक बिद्यालयबाट सामाजिक शिक्षक १ जना र बालक्लव का १ जना गरी बाके र बर्दिया जिल्लामा १८/१८ जनालाई लिंग भेदमा आधारित हिंसा र बाल बिबाह न्यूनिकरणकोलागी नेतृत्व विकास तालिम पनि संचालन गरिएको थियो ।

### ३ - दुई दिवसिय कार्यशाला गोष्ठी सम्पन्न



६ चैत्र २०८० सिरहाको लहानमा बाल सहभागिता, लैङगिक समानता र समावेशीकरण, सुरक्षित कार्यक्रम र संस्थाको नीति नियय.बिषयको दुई दिवसिय कार्यशाला गोष्ठी सबल नेपालको आयोजनामा कार्यशाला गोष्ठी समापन्न भएको छ ।

उक्त कार्यशालामा कार्य समितिका सदस्य र बिभिन्न परियोजनाको कर्मचारी गरि जम्मा २० जनाको सहभागिता रहेको थियो ।

सबल नेपालको अध्यक्ष जुना गिरीको अध्यक्षतामा सम्पन्न भएको कार्यशालाको सहजिकरण सस्थाका प्रतिनिधी(वासका सम्पर्कव्यक्ति) परमेश्वर झा, मानव संसाधन संयोजक तथा सबल नेपालका कोषाध्यक्ष आयुष श्रेष्ठ र सेभ द चिल्ड्रेनको प्रतिनिधी शान्तिराम भण्डारीले गर्नु भने कार्यशालाको समापन्न सस्थाको उपाध्यक्ष भुपेस कुमार साहले कार्यशालामा छलफल भएको बिषयलाई थप जानकारी गराउदै र निर्देशन समेत दिनुभएको थियो ।

## ४ - बाल साझेदारी कार्यशाला गोष्ठी सम्पन



२ चैत्र २०८० । सप्तरीको खडक नगरपालिकामा शुक्रवार बाल सहभागिताको लागि बाल साझेदारी बिषयक एक दिने कार्यशाला गोष्ठी सम्पन भएको छ । खडक नगरपालिको समन्यव तथा नागरिक समाज सबलिकरण परियोजना सबल नेपालको आयोजनामा एक दिने कार्यशाला गोष्ठी सम्पन भयो । नगर उपप्रमुख रिता कुमारी चौधरी अध्यक्षतामा सम्पन्न भएको बाल साझेदारी सम्बन्धी कार्यशाला गोष्ठीमा बाल सहभागिताको लागि बाल साझेदारीका बारे छलफल गरिएको थियो । सो कार्यशाला गोष्ठी नगरपालिका सदस्य, बिषयगत शाखा प्रमुख ,नगर बालसंजाल र युवा क्लब संजाल लगायत ३५ जनाको सहभागिता रहेको थियो ।

उक्त अवसरमा बालबालिकाको साझादारीको लागि कार्य योजना निमार्ण गरि बाल सहभागिताको लागि बाल साझेदारी पत्रको अनुमोदन चैत्र महिनाको कार्यपालिकको बैठकबाट निर्णय गरी लागु गर्ने गरी उक्त गोष्ठी सम्पन्न भएको थियो ।

## ५ - लागुपदार्थ दुर्व्यसनी सम्बन्धी कार्यशाला सम्पन्न

२९ फागुन २०८० नागरिक समाज सवलिकरण परियोजना अर्न्तगत बालक्लब संजाल र युवाक्लब संजालसंग लागूऔषध प्रयोग बिरुद्ध परामर्श कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

खडक नगरपालिका र ईलाका प्रहरी कार्यालय कल्याणपुरको समन्वयमा सबल नेपाल सप्तरीले खडक नगरपालिका अबस्थित हलमा सो उक्त कार्यशाला गोष्ठी आइतबार आयोजना भएको थियो । लागूऔषध प्रयोग बिरुद्ध परामर्श कार्यशाला गोष्ठीमा लागूपदार्थ दुर्व्यसनी बिरुद्ध ज्ञान सीप र धारणामा बिकास गर्नु, लागू पदार्थ दुर्व्यसनी सम्बन्धि नीति तथा कार्यविधिमा अभिमुखिकरण हुनु, लागुपदार्थ सेवन बिरुद्ध पैरवी गर्नु लगायतका उद्देश्यमाथि प्रकाश पारिएको थियो । महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख अनिता साहको संयोजनमा सम्पन्न लागुपदार्थ दुर्व्यसनी बिषयक एक दिवसीय परामर्श कार्यशालामा ३५ जना बालक्लब संजाल, युवा क्लब संजाल र बिभिन्न बिषयगत शाखाहरूको उपस्थिति रहेको थियो । ईलाका प्रहरी कार्यालय कल्याणपुरका प्रमुख सुभम अधिकारी र निरबहादुर आलेले सहजिकरण गरेका थिए । सो कार्यशालामा सहभागीहरुबाट बार्षिक योजना निर्माण गरि नगरपालिकालाई हस्तान्तरण गरिएको थियो ।



## ६ - बालश्रम विरुद्ध कार्यसंचालन कार्यविधि कार्यशाला गोष्ठी

२०८० चैत्र ८ गते सुरुङ्ग नगरपालिका सप्तरीको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको आयोजना र सबल नेपाल सप्तरीको प्राबिधिक सहयोगमा बाल श्रम बिरुद्ध कार्यसंचालन कार्यविधि बिषयक २ दिवसीय कार्यशाला नगर उपप्रमुख रुद्र बहादुर कार्कीको संयोजकत्वमा सुरुङ्ग नगरपालिकाको बैठक हलमा आयोजना भएको थियो । उक्त कार्यक्रममा ३५ जना बालबालिका र वयस्कहरुको सहभागिता थियो . अन्तमा उपप्रमुख द्वारा यस संचालन कार्यविधिलाई चैत्र महिनाको १५ गतेको पालिका बैठकबाट अनुमोदन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो र यस कार्यशालाबाट निर्मित कार्य योजनालाई कार्यन्वयन गर्न सहयोगी हातहरुको सहयोग अपिरहार्य रहने महसुसका साथ कार्यशालको अन्त्य भएको थियो ।

## ७. बालमैत्री स्थानीय शासन प्रवर्धनको लागि विभिन्न कृयाकलाप सञ्चालन

सिन्धुलीको गोलन्जोर गाउँपालिका वडा नं ६ मा रिलिफ नेपाल र वर्ल्ड भिजन इन्टरनेसनल नेपालको साझदारीमा २ दिने बालमैत्री स्थानिय शासन सम्बन्धी तालिम सम्पन्न भएको छ । तालिममा वडाको जनप्रतिनिधि, महिला स्वास्थ्य



स्वयंसेविका, बाल क्लब सन्जालको प्रतिनिधि, विद्यालयको शिक्षक प्रतिनिधि, विद्यालय व्यबस्थापन समिति को सदस्य, सरोकारवालाहरुको उपस्थित रहेको थियो । तालिममा बालमैत्री स्थानिय



शासनको अवधारणा, बालबालिकामा लगानी किन? बालमैत्री स्थानिय शासनको सुचक, चरण, बालमैत्री स्थानिय शासन समितिको काम कर्तव्य अधिकार बारे बृहत् छलफल भएको थियो । वडामा बालबालिकाको मुख्य चुनौतीको विषयमा छलफल भएको थियो । गोलन्जोर वडा नं. ६ लाई २०८१ माघ ११ गते बालमैत्री स्थानिय शासन वडा घोषणा गर्ने सामुहिक प्रतिबद्धता जनाइएको छ । बालमैत्री स्थानिय शासनका सूचकहरु पूरा गर्न स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका, खानेपानी सरसफाइ समिति, विद्यालय, शिक्षक, शिक्षा शाखा, अभिभावक, बाल क्लब, बाल सञ्जाल, वडा समिति लाई कार्य विभाजन गरिएको थियो । सिन्धुली जिल्लाको तीनपाटन-७ र गालन्जोर-६ मा ४ वटा बालक्लब गठन भएको छ । ११९ जना बालबालिकाहरुले बालमैत्री स्थानिय शासन प्रवर्धन, बालश्रम तथा बालविवाह अन्त्य गर्न र आफ्नो समुदायमा जनचेतना फैलाउन विभिन्न स्थानमा जनचेतनामुलक र्याली सञ्चालन गरेका छन् ।

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिकाका वडा नं ४,६,७,१०,११, गोलन्जोर गाउँपालिकाका वडा नं १,२,३,४ र फिक्कल गाउँपालिकाको वडा नं २,३,४ र ५ का २८ जना किशोरकिशोरहरुले आफ्ना समुदायका ३७८ जना बालबालिकाहरुलाई ४ हप्ता रुपान्तरण जीवनउपयोगी सीप तथा आत्मरक्षा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरेका छन् ।



तीनपाटन गाउँपालिका वडा नं १० र ११ को वडा स्तरीय बाल अधिकार समितिलाई २-२ दिने घटना व्यवस्थापन तथा सिफारिस प्रणालीको तालिम सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा गोलन्जोर, फिक्कल र तीनपाटन गाउँपालिका र १६ वटा वडाहरुमा सप्ताह व्यापी जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन भएका छन् र विद्यालय स्तरीय निबन्ध प्रतियोगिता पनि सञ्चालन भएको छ ।



## कन्सोर्टियम नेपालले मार्च २०२४-मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | 26th March 2024: Panel Discussion on Gender Stereotypes | Saathi |
| २ | Formative Research on Child Trafficking in Nepal | Asia Foundation |
| ३ | विद्यालय शिक्षा विधयेक २०८० अब कहिले र नागरिक समाजको भूमिका कस्तो विषयक छलफल कार्यक्रम | Aasman Nepal |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल


**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौँ

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com